# आ.व. २०७६/०७७ को बजेट भाषण

मिति २०७६।३।१०

**आदरणीय सभा अध्यक्ष एंव, नगर सभाका सदस्यज्यूहरु, कर्मचारी वर्गहरु ।**

वालिङ नगरपालिकाको उप प्रमुख एंव बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस सम्मानित सभामा आर्थिक वर्ष २०७६/०७७ को बजेट प्रस्ताव गर्न पाउँदा गौरवानिन्त भएको छु । यस अवसरमा राजनीतिक परिर्वतनको लागि जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु ।

**आदरणीय सभा अध्यक्ष एंव, नगर सभाका सदस्यज्यूहरु,**

## आर्थिक वर्ष २०७४/०७५ को समिक्षा

**क)आर्थिक क्षेत्र** - वालिङ नगरपालिकाको आर्थिक विकास को मुल आधार कृषि नै भएकाले उक्त क्षेत्रमा विकास मार्फत जनताको आर्थिक समुन्नतिका लागि आधुनिक कृषि औजारहरुको वितरण, व्यवसायीकरणका लागि टनेल, बीउबिजन आदि वितरण उन्नत जातका बाख्रा, कुखुराका चल्ला, बंगुर लगायतका पशुपंक्षीहरु नगरस्तरीय/वडा-वडाहरुबाट वितरण गरिएको सीमित बजेटको अधिकतम प्रभावकारी भएको हाम्रो बुझाई छ ।

**ख)सामाजिक क्षेत्रः** सामाजिक क्षेत्र अन्तर्गत शिक्षा क्षेत्रका भौतिक सुधार, विभिन्न वडाहरुका खेलमैदान निर्माण तथा सुधार, खानेपानी लगायत शैक्षिक कार्यक्रमहरु गरिएको । स्वच्छ खानेपानीको सुनिश्चिताका लागि साना आयोजना सञ्चालन गनुको साथै पाईप वितरण, त्यसै गरी दलित विपन्न तथा महिलाहरुको क्षमता विकास कार्य लगायत स्वास्थ्य क्षेत्रको सुधारको लागि विभिन्न कार्यक्रमहरु संचालन गरिएको

**ग)पूर्वाधार क्षेत्रः** पूर्वाधार विकास अन्य विकासको समेत आधार भएकोले चालु आ.व. मा पूर्वाधारको क्षेत्रमा प्राथमिकताको साथ बजेट विनियोजन गरिएको र अधिकांश योजनाहरु गुणस्तरीय रुपमा सम्पन्न भईसकेको साथै बाहै महिना निर्वाध रुपमा यातायात सञ्चालन सूचारु गरिएको ।

**घ)वातावरण तथा विपद व्यवस्थापनः** वातावरण तथा विपद व्यवस्थापन सम्बन्धमा नगरपालिका साथै विभिन्न वडाहरुबाट समेत लागि बाढीपहिरो जस्ता प्राकृतिक प्रकोपबाट क्षेत्र भएकाहरुलाई जस्ता पाता तथा विभिन्न ठूला रोग लागी उपचारार्थ विरामीहरुको लागि विभिन्न किसिमका आर्थिक सहयोग उपलब्ध गराईएको ।

**ङ)संस्थागत विकास सेवा प्रवाह सुशासनः** सार्वजनिक सेवा प्रवाहलाई चुस्तु दुरुस्त तथा छिटो छरितो सेवा उपलब्ध गराउनको लागि सबै वडाहरुमा कम्प्यूटर र ईन्टरनेटको सुविधा सुनिश्चित गरी अनलाईन प्रणालीबाट नै राजश्व/कर संकलन गरिएको, व्यक्तिगत घटना दर्तालाई पनि अनलाईन सिस्टमबाट नै कार्यान्वयनमा ल्याईएको ।

**आदरणीय सभा अध्यक्ष ज्यू, नगर सभाका सदस्यज्यूहरु,**

चालु आर्थिक वर्ष २०७५/२०७६ को संशोधीत बजेट तथा कार्यक्रमको जेष्ठ महिना सम्मको आय तथा खर्चहरुको क्षेत्रगत बजेट एंव खर्च समिक्षा ।

**आन्तरिक आय तर्फः**

१) कर, दस्तुर सेवा शुल्कहरुमा संशोधित अनुमान गरिएको रकम रु.२ करोड ३५ लाख पचास हजार रुपैयामा जेष्ठ महिना सम्मको आम्दानी रु.२ करोड ५९ लाख ९१ हजार ९ साय ९५ रुपैया प्राप्त भई १०.३७ प्रतिशतले बृद्धि भएको छ ।

२) वित्तीय हस्तान्तरण अन्तर्गत वित्तीय समानीकरण अनुदान, सर्शत अनुदान, समेत गरी कुल जम्मा बजेट रु.७१ करोड ५४ लाख ५२ हजार ५ सय ६० रुपैया २ पैसा अनुमान गरिकोमा थप सशर्त अनुदान अन्तर्गत विभिन्न शीर्षकहरुमा रकम निकासा प्राप्त भएकोले जेष्ठ महिना सम्ममा कुल कायम बजेट रु.८० करोड ७२ लाख ८६ हजार ५ सय ६० रुपैया पैसा २ रहेको छ ।

३) वित्तीय हस्तान्तरण समेतको जेष्ठ महिना सम्मको चालु खर्च रु.३७ करोड ५१ लाख ३४ हजार ५ सय ४४ रुपैया ९२ पैसा रहेको छ भने क्षेत्रगत बजेट तथा खर्चहरु समेत निम्न अनुसार रहेको छ ।

क) **आर्थिक क्षेत्रः** वालिङ नगरपालिकाको आर्थिक विकास को मुल आधार कृषि नै भएकाले उक्त क्षेत्रको विकास मार्फत जनताको आर्थिक समुन्नतिका लागि आधुनिक कृषि औजारहरुको वितरण, व्यवसायीकरणका लागि टनेल, बीउबिजन, उन्नत जातका बाख्रा, कुखुराका चल्ला, बंगुर लगायतका पशुपंक्षीहरु नगरस्तरीय/वडा-वडाहरुबाट वितरण गरिएको सिमित बजेटको अधिकतम प्रभावकारी कार्यान्वयनका लागि जेष्ठ महिना सम्मको आर्थिक विकास तर्फको खर्च रकम रु. ४९ लाख ९९ हजार ४ सय ४८ रुपैया रहेको छ ।

ख) **सामाजिक क्षेत्रः** सामाजिक क्षेत्र अन्तर्गत शिक्षा क्षेत्रका भौतिक सुधार, विभिन्न वडाहरुका खेलमैदान निर्माण तथा सुधार, खानेपानी लगायत शैक्षिक कार्यक्रमहरु गरिएको । स्वच्छ

खानेपानीको सुनिश्चिता लागि साना आयोजना सञ्चालन गर्नुको साथै पाईप वितरण, त्यसै गरी दलित विपन्न तथा महिलाहरुको क्षमता विकास कार्य लगायत स्वास्थ्य क्षेत्रका सुधारका कार्याहरु कार्यान्वयनका लागि जेष्ठ महिना सम्मको सामाजिक विकास तर्फको खर्च रकम रु.९० लाख ८७ हजार ५ सय २ रुपैया रहेको छ ।

ग) **पूर्वाधार क्षेत्रः** पूर्वाधार विकास अन्य विकासको समेत आधार भएकोले चालु आ.व.मा पूर्वाधारको क्षेत्रमा प्राथमिकताको साथ बजेट विनियोजन गरिएको र अधिकांस योजनाहरु गुणस्तरीय रुपमा कार्यान्वयननको रुपमा रहेकोले चालु आ.व.को जेष्ठ महिना सम्मको खर्च रकमरु. ७ करोड ७३ लाख १२ हजार ६ सय ५६ रुपैया रहेको छ ।

घ) **वातावरण तथा विपद व्यवस्थापनः** वातावरण तथा विपद व्यवस्थापन सम्बन्धमा नगरपालिकाका साथै वडाहरुमा लागी, बाढीपहिरो जस्ता प्राकृतिक प्रकोपबाट क्षेती भएकाहरुलाई जस्ता पाता एंव आर्थिक सहायता तथा विभिन्न ठूला रोग लागि उपचारार्थ विरामीहरुको लागि आर्थिक सहयोग समेत उपलब्ध गराईएको ।

ङ) **संस्थागत विकास सेवा प्रवाह शुसाशनः** सार्वजनिक सेवा प्रवाहलाई चुस्त दुरुस्त तथा छिटो छरितो सेवा उपलब्ध गराउनको लागि सबै वडाहरुमा कम्प्युटर तथा ईन्टरनेटको सुविधा सुचिश्चत गरी राजश्वका करका क्षेत्रहरुलाई अनलाईन सिस्टमबाट कार्यान्वयन गरिएको र खर्च प्रणालीलाई महालेखा परीक्षकको कार्यालयद्धारा तयार गरिएको सुत्रको सफ्टवेयर चालु आर्थिक वर्ष देखि नै कार्यान्यवयनमा ल्याईएको । साथै वालिङ लाई स्मार्ट सिटीको रुपमा रुपान्तरण गर्नको लागि विभिन्न क्षेत्रहरुलाई आवश्यक पर्ने विद्युतीय माध्यमद्धारा सञ्चालित हुने उपकरणहरु निर्माणको लागि ईनोभेसन ल्याव समेतको स्थापना गरी कार्यान्वयनमा ल्याइएको ।

**आदरणीय सभा अध्यक्ष ज्यू, नगर सभाका सदस्यज्यूहरु,**

अब म आगामी आर्थिक वर्ष २०७६/०७७ को बजेटको उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।बजेटका उद्देश्यहरु निम्न अनुसार प्रस्तुत गरिएको छ ।

- "कृषि, उद्योग, व्यापार, पर्यटन, सूचना प्रविधि र पूर्वाधार स्मार्ट सिटी वालिङ निर्माणको छ आधार" रहेको छ ।
- स्वास्थ्य शिक्षा र पूर्वाधार लागायत सामाजिक तथा समावेशी विकास मार्फत समृद्ध नगर निर्माण गर्ने ।
- कृषि सिंचाई, पर्यटन क्षेत्रको विकास गरी आत्मनिर्भर नगरपालिकाको दिशामा अग्रसर हुने ।

- नगरबाट प्रदान गरिने सेवा प्रवाहको गुणस्तर बढाई नगर सरकारको अनुभूति सहित सुशासनको प्रत्याभुति दिने दिशातर्फ नगरको बजेट केन्द्रित रहेको छ ।
- बजेटका उद्देश्यहरु हासिल गर्न र बजेटका प्राथमिकता कार्यान्वयन गर्न संघीय सरकार, प्रदेश सरकारसंग एकता, समन्वय र साझेदारी गरिनेछ भने निजी क्षेत्र, नागरिक समाज, राजनैतिक दल, संघ-संस्थाहरुसँग सहकार्य गर्दै प्रभावकारी कार्यान्वयनमा जोड दिईनेछ ।

वालिङ नगरपालिकाको आम्दानीका स्रोतहरुको संक्षिप्त विवरण राख्न चाहन्छु ।

- आन्तरिक राजश्व आय रु. ४ करोड ५० लाख
- गत वर्षको मौज्दात अल्या रु. १ करोड
- अन्तर सरकार वित्तीय हस्तान्तरण समानीकरण अनुदानबाट रु.१५ करोड ७४ लाख
- श्रोत उपयोगबाट प्राप्त हुने राजश्व बाँडफाँडबाट प्राप्त रकम रु.११ करोड २८ लाख
- सर्शत अनुदानः शिक्षा, स्वास्थ्य को तर्फको रु. ३० करोड ५६ लाख
- प्रदेश सरकार वित्तीय समानीकरण अनुदान रु.१ करोड २८ लाख २७ हजार
- प्रदेश सरकार सवारी साधन राजश्व बाँडफाँड अनुदान रु.७६ लाख ३० हजार
- सडक बोर्ड नेपाल ५५ लाख
- कुल जम्मा रकम रु. ६५ करोड ६७ लाख ५७ हजार रुपैया मात्र ।

आदरणीय अध्यक्ष ज्यू

अन्त्यमा यो बजेट तर्जूमा गर्न मार्ग निर्देशन प्रदान गर्नुहुने नगर प्रमुखज्यू, सल्लाहकार, सहयोग प्रदान गर्नुहुने वडा अध्यक्षज्यूहरु, कार्यपालिकाका सदस्यज्यूहरु, अन्य सदस्यज्यूहरु तथा कर्मचारी वर्गहरु, टोल विकास संस्थाका पदाधिकारीज्यूहरु, न्यायप्रेमी बुद्धिजिवी, नागरिक समाजका अगुवा संघ संस्थाका पदाधिकारी ज्यूहरु, सञ्चारकर्मी तथा सम्पूर्ण नगरवासीहरुमा हार्दिक आभार व्यक्त गर्दछु ।

धन्यवाद ।

**कल्पना तिवारी**
उप-प्रमुख
संयोजक
बजेट तथा कार्यक्रम तर्जूमा समिति
मिति २०७६।३।१०